"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पूर्वाधारः सुन्दर समृद्ध बर्जुको आधार"

बर्जु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अमाहिबेल्हा, सुनसरी

(प्रशासन शाखा)

१ नं. प्रदेश, नेपाल

प.सं.-२०७८/०७९
च.नं.- २९

मितिः २०७९/०४/०१

**विषयः छानविन समितिको प्रतिवेदन पेश गरिएको।**

प्रस्तुत विषयमा मिति २०७९ साल अषाढ ०६ गते यस बर्जु गाउँपालिकामा भएको मोटर घटनाको विषयमा छानविन गर्न गठित छानविन समितिको प्रतिवेदन सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

.....................

प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

छानबीन प्रतिवेदन प्राप्त २०७९।०३।२३ समय ४:२३

मितिः २०७९।०३।२३

श्रीमान अध्यक्षज्यू
बर्जु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
अमाहिबेल्हा, सुनसरी ।

विषयः प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा २०७९ असार ६ गते यस गाउँपालिकाको कार्यालयमा भएको कृषि मोटर सम्बन्धि घटनाको सत्य तथ्य छानबिनका लागि गाउँपालिकाको च.नं. १८७६ मिति २०७९।०३।१९ को पत्र मार्फत यस छानबिन समितिलाई दिईएको जिम्मेवारी समितिले आवश्यक ठानेका प्रकृयाहरु अपनाई सत्य तथ्य छानबिन गरेको र छानबिन पश्चात तपशिलको नतिजामा पुगी अब अवलम्बन गर्नुपर्ने कार्यशैली बारे समेत राय पेश गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिल

प्रकरण १: यही २०७९ साल असार ६ गते बिहान करिब ८:30 बजे गाउँपालिकाका माली फिरोज अंसारीले टयाम्पुमा ५ थान मोटर लोड गरी कार्यालय हाताबाट बाहिर लगि एक थान मोटर एक जना मोटर साईकल चालक मार्फत चिमडीतिर पठाएको र चार थान पूर्व तर्फ लगि गाउँपालिकाको जिन्सी शाखा प्रमुखको आफन्तको घर सितागञ्जमा राखेको सूचना प्राप्त भएपछी अमाहिबेल्हा चोक क्षेत्रका सचेत नागरिकहरुले यसबारे चासो लिई करिब १०:३० बजेको समयमा कार्यालय हाताभित्र आई गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग कृषि मोटर बाहिर किन लगियो र कसले लाने अनुमति दियो भन्नेबारे प्रश्न सोधेको, स्वतः स्फूर्त रुपमा जम्मा भएको जनसाधारणको भिडबाट मोटर चोरी भएको शंका गर्दै मोटर लिएर बाहिरिएका कार्यालय सहयोगीलाई सामान सहित फिर्ता बोलाउन दबाव गरेको पाईयो ।

कार्यालयबाट सामान बाहिर लगेको विषयबाट अनभिज्ञ अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतहरुले सल्लाह गरी तुरुन्त फिरोज अंसारीलाई सामान सहित फिर्ता बोलाइनु भई उक्त सामान कस्को आदेशले बाहिर लगेको भनि प्रश्न गर्दा योजना शाखा प्रमुख अरुण कुमार रायको आदेशले लगेको भनि फिरोजले जवाफ दिएको पाईयो । सो सम्बन्धमा तत्काल जिन्सी शाखा प्रमुख सन्तोष बन्जारासँग बुझ्दा आफूलाई यसबारे केही थाहा नभएको बताएपछी प्रमुख प्रशासकीय अधिकृतले योजना शाखा प्रमुख जो त्यतिबेला वडा नं. १ मा उपाध्यक्षज्यूसँग योजना अनुगमनमा हुनुहुन्थ्यो उँहालाई झिकाई फिरोज अंसारीलाई आदेश दिए नदिएको बारे बुझ्दा उँहाले आदेश दिएको इन्कार गर्नुभयो । सामान बाहिर लाने र आदेश दिने बारे कुरा प्रष्ट नभएपछी जनता आक्रोशित भएकाले तथा प्रहरीको जिम्मा लगाउन पर्छ भन्ने माग भएपछी सितागञ्ज प्रहरी कार्यालयलाई खबर गरी प्रहरीको भ्यान झिकाई तीनैजना आरोपित कर्मचारीहरुलाई प्रहरी कार्यालय पठाएको हुँदा कर्मचारीहरुलाई जनमासबाट चोर भन्दै भिडियो खिँची सामाजिक सञ्जालमा समेत राखिएको थियो।

अत: सम्बन्धित आरोपितहरुले हामीलाई कानून बमोजिम सफाईको मौका नदिई चोर कै रुपमा कार्यालयले पनि प्रहरी कार्यालय पठाएको भनि आरोपित कर्मचारीहरुले गाउँपालिकाका पदाधिकारीहरुसँग दु:ख व्यक्त गरेकाले सोही दिन बेलुका करिब ९:०० बजेको समयमा गाउँपालिका प्रमुखज्यू लगायत पदाधिकारीहरु प्रहरी कार्यालय गई निजहरुलाई प्रहरी कार्यालयबाट जिम्मा लिई घर पठाईएको ।

उक्त असार ६ गतेको आक्रोशित भिड देख्दा कार्यालयमा कार्यरत अन्य कर्मचारीहरुमा डर, त्रास सिर्जना भएको हुँदा उक्त घटनको दोषी उपर कानुनी कार्वाहीको माग गर्दै सुरक्षित कार्यवातावरणको सुनिश्चितता हुनुपर्ने माग राख्दै यस बर्जु गाउँपालिकाको कर्मचारी तथा शिक्षकहरुले असार ७ गते पेनडाउन

गरेको थियो । गाउँपालिका प्रमुखबाट कार्यवातावरण सुरक्षाको सुनिश्चितताको प्रतिबद्धता जाहेर गरेपछी लगभग बेलुका ४ बजेतिर पेनडाउन बन्द गरी सबै कर्मचारी तथा शिक्षकहरु आ-आफ्नो कार्यक्षेत्रमा फर्किए । तथापि उक्त पेनडाउनले जनमानसको आवेगमा झन ईन्धन हाल्ने काम गरेको पाईयो । यसै दिन प्रमुख प्रशासकिय अधिकृतज्यूले आरोपित ३ जना कर्मचारीहरुलाई च.नं. १००७, मिति २०७९।०३।०८ गते २४ घण्टे स्पष्टीकरण पेश गर्ने विषयको पत्र बुझाईयो ।

*<u>प्रकरण २:</u>* प्रकरण १ का घटनाका सम्बन्धमा छानबिन समिति गठन भएको व्यहोरा माथि उल्लेख भएकै छ । गाउँपालिका स्थित सबै राजनैतिक दलका प्रतिनिधिहरु, समाजसेवी तथा बुद्धिजीवी व्यक्तिहरु सहितको ३ सदस्यीय कर्मचारीहरु संलग्न रहेको छानबिन समितिले घटनालाई सकेसम्म सुक्ष्म ढंगले जरैदेखि अध्ययन गर्न तपशिल बमोजिमको काम गरियो ।

- उल्लेखित कृषि मोटरहरु कहिले, कसरी खरिद गरिएको थियो भन्नेबारे खरिद गरिएका टिप्पणी आदेश, खरिद प्रकृया, आम्दानी, खर्च र लेखापरीक्षण समेतका कागजात हेरियो तथा आरोपित कर्मचारीहरुको कार्यालयमा पेश गरेका स्पष्टीकरण समेत हेरी निजहरुलाई प्रत्यक्ष समितिमा झिकाई सोधपुछ समेत गरियो । खरिदका कागजातहरुमा प्रचलित नियमानुसार राख्नुपर्ने कागजातहरु राखेको पाईएन । कृषि मोटर खरिद गर्दा नियमानुसार उठाउनु पर्ने टिप्पणी योजना शाखा प्रमुख अरुण कुमार रायले मिति २०७६ असोज ११ गतेमा उठाई कार्यालय प्रमुखबाट स्वीकृत गराईएको । सामान खरिद योजना शाखाबाट गरेको देखिए पनि उक्त सामान कार्यालयमा आए नआएको बारे अभिलेख नभएको । नियमानुसार जिन्सी शाखाबाट खरिद आदेश भरी कार्यालय प्रमुखबाट स्वीकृत भएपछी सामान खरिद गरी कार्यालयमा ल्याएपछि चेक जाँच गरी

दाखिला प्रतिवेदन भरी जिन्सी खातामा आम्दानी बाँधी माग फाराम, हस्तान्तरण फाराम भरपाईद्वारा कार्यालय प्रमुखको लिखित आदेश बमोजिम खर्च गर्नुपर्नेमा सो गरेको पाईएन । यस्तै कुनै वडा, शाखा वा व्यक्तिलाई बुझाई खर्च प्रतिवेदन खरिद गोश्वारा भौचरसँगै राख्नुपर्ने सो गरेको पाईएन । यसरी खरिद गर्ने तर कार्यालयमा मौज्दात नदेखिएका समानहरु २०७९ साल असारमा आईपुग्दा सम्म पनि वितरण गर्न बाँकी रहेको पाईयो । कार्यालय प्रमुख तथा आर्थिक प्रशासन शाखाले नियाल्नुपर्ने कागजातहरु हेरेको पाईएन । प्रत्यक्ष रुपमा पनि योजना शाखा प्रमुख, जिन्सी शाखा प्रमुख, माली तथा आर्थिक प्रशासन शाखा प्रमुखले गल्ती भएको स्वीकार्नु भएको कारण आगामी दिनहरुमा नियमानुसार खरिद गर्न गराउन सम्बन्धित सबै तथा सिंगो गाउँपालिकाको ध्यान जाओस् भन्ने सुझाव दिन चाहन्छौं ।

- आरोपित जिन्सी शाखा प्रमुख सन्तोष बन्जाराले स्पष्टीकरण पेश गरेको व्यहोरा, कृषि मोटर खरिद सम्बन्धी कागजात, चेकबाट देखिएको व्यहोरा, समिति समक्ष प्रत्यक्ष बयानबाट जानकारी भएको व्यहोरा र अन्य २ जना आरोपित कर्मचारीहरुको बयानबाट प्राप्त व्यहोरा एउटै हुन गएकोले निज यो घटनामा संलग्न भएको देखिदैन । निजले आफन्तकोमा कृषि मोटर राख्न आदेश नदिएको र निजसँग यसबारे आरोपित अन्य २ जना कर्मचारीले सल्लाह समेत नगरेको बयानले निज माथिको मोटर चोरी आरोप सत्य देखिदैन । यति हुँदाहुँदै पनि अस्थायी स्टोर कोठामा रहेका सामाग्रीहरुको समय समयमा निरीक्षण नगर्नु गल्ती भएको तथा जनभावना समेतको कदर गरी नियमानुसार कार्यालयले सम्बन्धित कर्मचारीहरुलाई वडा कार्यालयको जिम्मेवारी दिएमा शान्ति सुव्यवस्था कायम राख्न सहज हुने सुझाव दिईन्छ ।

- आरोपित तत्कालिन योजना शाखा प्रमुख अरुणकुमार रायले पेश गरेको स्पष्टीकरणमा कृषि मोटर बारे आफुलाई थाहा रहेको; आफुले वितरण भरपाई बनाईसकेको तर वितरण गर्न बाँकी रहेको अवस्थामा सामान रहेको कोठा खाली गर्नुपर्ने भएकोले यसबारे माली फिरोज अन्सारीले सोध्दा जिन्सी शाखासँग सल्लाह गरी सामान अन्यत्र ठाउँमा सार्नु भनी ५-६ दिन अगावै निर्देशन दिएको भन्ने रहेको र प्रत्यक्ष बयानमा पनि यही व्यहोरा आएको ।

- आरोपित कर्मचारी फिरोज अंसारीको स्पष्टीकरणमा योजना शाखा प्रमुख अरुणकुमार रायको आदेशमा कृषि मोटर बाहिर लगेको र उँहाकै १ दिन अगाडीको निर्देशनमा ठाउँपनि तय भएको भन्ने रहेको र प्रत्यक्ष बयानमा पनि सोही व्यहोरा रहेको

- आरोपित कर्मचारी अरुणकुमार राय र फीरोज अंसारीको सामान बाहिर लाने कुरामा बयान अलग भएपनि कृषि मोटर बाहिर लानुको उद्देश्य चोरी नभई वितरण गर्नु नै रहेको पाईयो । यी दुवै कर्मचारीहरुको विगतका धेरै वर्षहरुदेखि चरित्र अर्थात बानी बेहोरा हेर्दा पनि तेति नराम्रो नदेखिएको हुँदा उक्त मोटर चोरी नै हो भनेर यो समितिले पनि ठहर गर्न सक्दैन । यसै गरी कृषि मोटरहरु मौज्दात नदेखिएको अवस्थामा सो मोटरहरु कार्यालयमा नल्याउँदा पनि कागजीरुपमा खोज्न मुस्किल पर्ने अवस्थामा पनि मोटर कार्यालयमा ल्याई यतिका वर्षसम्म राखिराख्नुले पनि आरोपित कर्मचारीहरुको नियत चोरी गर्ने थियो भन्न सकिंदैन । तर यसो भनेर तत्काल कृषकहरुलाई बाँडेर कृषि पेशालाई सहयोग गर्नुपर्ने मेशिनहरु यतिका वर्षसम्म बेवारिसेरुपले जथाभावी राख्ने पदीय दायित्व र कर्तव्यलाई बेवास्ता गर्दै मनोमानी रुपले खटनपटन गर्ने अरुणकुमार राय, कार्यालयमा

पदाधिकारीहरु तथा प्रमुख प्रशासकीय अधिकृत हुँदाहुँदै उँहाहरुसँग सल्लाह नै नगरि उँहाहरुको आदेश नै नलिई अझ भनौं जानकारी नै नदिई कार्यालय समय भन्दा बाहिरको समयमा टयाम्पुमा राखेर जनासाधारणले के भन्लान. सोधेमा के जवाफ दिने भन्ने नसोची, गेट पास नदिई, पालेलाई प्रभावमा पारी मोटर कार्यालय हाताबाहिर लाने र लाने कार्यमा संलग्न फिरोज अन्सारीको दोष छैन भन्न् सकिंदैन । यसैगरी पालेको रुपमा ड्युटीमा खटिएका सुरक्षा गार्ड तेजनारायण चौधरीको पनि सम्बन्धित पदाधिकारीको आदेश नलिई, सामान सिफारिसको पुर्जी नलिई कार्यालय समय भन्दा बाहिरको समयमा आदेश दिन नसक्ने कर्मचारीको प्रभावमा परि सामान बाहिर लान दिनु गल्ती देखिन्छ ।

- माथि उल्लेखित व्यहोरा अनुसार पहिले नै वितरण भरपाई बनाई सामान वितरण गर्न बाँकी राख्ने यतिका वर्षसम्म सामान लापरवाही रुपले राख्ने र बाहिरबाट वितरण गर्न खोज्ने अरुण कुमार रायलाई पहिलो पल्टको गल्ती भएकोले गाउँपालिकाले अब उप्रान्त यस किसिमका गल्ती नदोहोरिन भन्नका लागि हालसम्म स्थानीय सेवा ऐन नबनेको हुँदा प्रचलित निजामती सेवा ऐन तथा नियमावली बमोजिम सचेत गराउन तथा वडा कार्यालयको जिम्मेवारी दिन सुझाव दिईन्छ । यसैगरी कृषि मोटर बाहिर लाने कार्य सञ्चालन गर्ने फिरोज अंसारीलाई आगामी दिनमा करार सम्झौता थप गर्ने/नगर्ने विषयमा गाउँपालिकाले विचार पुर्याउनुपर्ने देखिन्छ । गेटमा बस्ने सुरक्षा गार्डले पनि आफ्नो कर्तव्यको बेवास्ता गर्दै अनाधिकृत व्यक्तिको प्रभावमा परी सामान छोड्नाले यति धेरै जनविरोध हुन गएको हुँदा निजलाई सेक्युरिटी अफिस फिर्ता पठाई निजको स्थानमा अर्को सेक्युरिटी गार्ड ल्याउनु पर्ने विषयमा गाउँपालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

उल्लेखित प्रकरणमा धेरै कुराहरु आएपनि अमाहिबेल्हावासी जनताहरुले कार्यालय समय भन्दा अगावै सरकारी सामान कार्यालय बाहिर लादा खबरदारी गर्नु भएकोमा चाहे त्यो हो हल्लाकै रुमा किन नहोस, सचेत नागरिकले गर्नुपर्ने कर्तव्य पुरा गर्नु भएको छ । जसको कारण हाम्रो गाउँपालिकाको कर्मचारीतन्त्रमा भएका त्रुटी, कमजोरीहरु सुधार्नलाई मद्दत पुगेको छ । यसर्थमा यो समिति बर्जुवासी तमाम जनताहरु जसले यो घटनामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले खबरदारी गर्नुभयो सबैलाई हार्दिक आभारसहित धन्यवाद टक्रयाउँछ र आगामी दिनमा पनि यसैगरी खबरदारी गरिरहन र त्यो खबरदारीलाई शान्तिपूर्ण बनाउन अनुरोध गर्दछ ।

अन्त्यमा माथि उल्लेखित व्यहोराको आधारमा यो समिति यो निष्कर्षमा पुगेको छ कि यो कृषि मोटरको घटना तत्कालको कार्य परिणामस्वरुप नभई २०७८ सालदेखि सृजित घटनाक्रमको आधारमा घटन पुगेको हो । यसमा उल्लेखित कर्मचारीहरु मात्र दोषी छैनन यद्यपि कार्यालयको कार्यसञ्चालन गर्ने प्रणालीमा कमजोरी देखिन्छ । स्थानीय सरकार गठन भएको पहिलो पाँच वर्षमा नौलो अभ्यास भएको कारण कार्यशैलीमा त्रुटी हुन गएको भएतापनि अब दोस्रो निर्वाचन सम्पन्न भई नवनिर्वाचित जनप्रतिनिधिहरुले पदबहाली गरिसकेको अवस्थामा प्रचलित कानुन बमोजिम कार्य गर्न, गराउन, कर्मचारीहरुलाई प्रात्साहित गर्नुपर्ने, गाउँपालिकामा एकद्वार जिन्सी प्रणाली लागु गर्नुपर्ने, हालसम्म पनि बर्जु गाउँपालिकाको O&M सर्भेक्षण पारित नभएको हुँदा सो को पारित गरी शाखा बमोजिम कार्यजिम्मेवारी तोक्नुपर्ने, कर्मचारीहरुको पद अनुसार कार्यविवरण तोक्नुपर्ने र सो बमोजिमको कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार तथा दण्डको व्यवस्था गर्नुपर्ने, यस बर्जु गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली

सुदृढ पार्न आवश्यक कामकारवाहि गर्ने र आगामी दिनहरुमा यस्ता गल्तीहरु नदोहोरिउन भन्न, सजग रहन सुझाव दिन्छौं साथै यो छानबिन समितिको प्रतिवेदन श्री अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय, ईटहरी र श्री जिल्ला प्रशासन कार्यालय, सुनसरीमा जानकारीको लागि पठाउन समेत अनुरोध गर्दै सिँगो बर्जु गाउँपालिकाको उत्तरोत्तर प्रगतीको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| ................................ | ................................ | ................................ |
| अर्जुनप्रसाद नेपाल | सृजना क्षेत्री | गणेशप्रसाद चापागाईं |
| संयोजक | सदस्य | सदस्य |
| छानबिन समिति | छानबिन समिति | छानबिन समिति |

*आमन्त्रित सदस्यहरु*

१.कृष्णप्रसाद संग्रौला, सभापति, नेपाली काँग्रेस, बर्जु गाउँपालिका ।
२. विशुनलाल चौधरी, प्रतिनिधि, नेकपा माओवादी केन्द्र, बर्जु गाउँपालिका ।
३. दिपक राई, ईन्चार्ज, नेकपा एकीकृत समाजवादी,बर्जु गाउँपालिका ।
४. दिनेशकुमार साह, अध्यक्ष, ज.स.पा., बर्जु गाउँपालिका ।
५. श्री आश्विनकुमार चौधरी- प्रतिनिधि, रा.प्र.पा., बर्जु गाउँपालिका ।
६.श्री रामप्रसाद चौधरी, बुद्धिजीवी तथा समाजसेवी, बर्जु गाउँपालिका ।
७..श्री किशोर चौधरी, बुद्धिजीवी तथा समाजसेवी, बर्जु गाउँपालिका ।
८. श्री बुधलाल चौधरी, बुद्धिजीवी तथा समाजसेवी, बर्जु गाउँपालिका ।

रोहबर
प्रमोदकुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत